# स्थानीय राजपत्र

रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड- ७, धादिङ, बागमती प्रदेश, नेपाल १५ चैत, २०८० साल ( संख्याः०५)

## रुवी भ्याली गाउँपालिकाको विद्यालय संचालन तथा व्यवस्थापन कार्यविधी,२०७६(संशोधित)

## भाग – २

नेपालको संविधानको धारा २१५ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरीएको छ ।

**रुवी भ्याली गाउँपालिकाको विद्यालय संचालन तथा व्यवस्थापन कार्यविधी,२०७६ (संशोधित)**

गाउँ कार्यपालिकाबाट स्विकृत मिति मितिः २०८०/१२/०६

**प्रस्तावनाः**

रूवी भ्याली गाउँपालिकाको क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर वृद्धि गर्न, विद्यालय संचालनलाई थप व्यवस्थित बनाउनका साथै विद्यालयको प्रशासनिक र शैक्षिक स्तरमा सुधार गर्नका निमित्त , स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी रुवी भ्याली गाउँ कार्यपालिकाको मिति मिति २०८०/१२/०६ को बैठकले **रुवी भ्याली गाउँपालिकाको विद्यालय संचालन तथा व्यवस्थापन कार्यविधी,२०७६ को परिच्छेद ५, दफा २७** संशोधन गरी स्वीकृत गरेको छ।

# परिच्क्षेद ५

## विद्यालय व्यवस्थापन समितिसम्बन्धी व्यवस्था

### २७. विद्यालय व्यवस्थापन समिति रहनेः

(१) यस गा.पा. भित्र संचालन भएका सामुदायिक विद्यालयहरुको संचालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक बिद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालयका अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएको २ जना महिला सहित ४ जना -सदस्य

(ख) सम्बन्धित वडाको वडा शिक्षा समितिले जनप्रतिनिधिहरू मध्येबाट मनोनयन गरी पठाएको प्रतिनिधि १ जना -सदस्य

(ग) विद्यालयको संस्थापक वा चन्दादाताहरू मध्येबाट गा पा. अध्यक्षले मनोनित गरेको १ जना महिला सहित २ जना तर संस्थापक वा चन्दादाता उपलब्ध नभएमा शिक्षा प्रेमि वा बुद्धिजिविमध्यबाट मनोनित गर्न सक्नेछ -सदस्य

(घ) शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको १ जना शिक्षक प्रतिनिधि- सदस्य

(ङ) विद्यालयमा अध्ययनरत छात्रा, छात्रहरूमध्येबाट बालक्लवले मनोनयन गरेको एक जना छात्रा र एक जना छात्र गरी २ जना -स्थायी आमन्त्रित सदस्य

(च) प्रधानाध्यापक - सदस्य सचिव

बिद्यालय व्यवस्थापन समितिको पहिलो बैठकको अध्यक्षता ज्येष्ठसदस्यले गर्ने छ। बिद्यालय व्यवस्थापन समितिको पहिलो बैठकले उक्त समितिको अध्यक्ष खण्ड क, ख र ग मध्येबाट सर्वसहमतीमा बिद्यालय व्यवस्थापन समिति अध्यक्ष चयन गर्ने छ र सर्वसहमतीमा छनोट हुने अवस्था नरहेमा गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गर्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ।

* संस्थापक भन्नाले विध्यालय स्थापनाहुदाँको विध्यालय ब्यवस्थापन समिति सदस्य वा शिक्षक बुझ्नु पर्छ।

* चन्दादाता भन्नाले आधारभुत विध्यालयको हकमा जग्गादाता वा न्युनतम १ लाख सहयोग गरेको व्यक्ति तथा माध्यमिक विध्यालयको हकमा जग्गादाता वा न्यूनतम २ लाख आर्थिक सहयोग गरेको व्यक्ति बुझ्नुपर्छ।

आज्ञाले,

राजाराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत